## निर्णयहरु

१) यस मर्स्याङ्दी गाउँपालिकामा स्थायी शिक्षकहरुको नियूक्ति तथा पदस्थापन र स्वत अवकाश, अवकाश भई सके पछि रिक्त भएका पदहरुमा शिक्षक पदपुर्ति गर्न आवश्यक प्रक्रिया अगाडी बढाउने निर्णय गरियो ।

२) डिजिटल प्रोफाईल निर्माण सम्बन्धमा यस गाउँपालिकाको मौजदा सुचीमा सूचीकृत भएका फर्महरुसँग कोटेशनको माध्यमबाट लिखित रुपमा प्राविधिक र आर्थीक प्रस्ताव माग गरी आवश्यक प्रकृया अनुसार उक्त कार्य गर्न अनुमति दिने निर्णय गरियो ।

३) मर्स्याङदी गाउँपालिका, यूवा तथा खेलकुद बिकास समिति द्धारा प्रस्ताव गरिएको विभिन्न कार्यक्रमहरुको लागि वडा स्तरीय र विद्यालय स्तरीय खेलकुद तथा अतिरिक्त क्रियाकलाप शिर्षकबाट खर्च गर्ने गरी रु.४३५,८३०।- बरावरको कार्यक्रम स्विकृत गर्ने निर्णय गरियो ।

४) मर्स्याङ्दी गाउँपालिका, महिला सञ्जाल द्धारा प्रस्ताव गरिएको विभिन्न कार्यक्रमहरुको लागि सिपमुलक तथा क्षमता विकास तालिम शिर्षकबाट खर्च गर्ने गरी रु. ५,७१,७००।- रकम बरावरको कार्यक्रम स्विकृत गर्ने निर्णय गरियो ।

५) यस गाउँपालिकाको चालु आ.व.मा गाउँसभाबाट स्विकृत वजेट तथा कार्यक्रम अनुसारका देहायका योजनाहरुको डिपिआर गर्नका लागि आर्थिक ऐन नियमको अधिनमा रही खुला रुपमा सूचना प्रकासित गरी प्राविधिक तथा आर्थीक प्रस्ताव माग गरी आवश्यक प्रकृया अगाडी बढाउन अनुमति दिने निर्णय गरियो ।

१. खुदी-रोप्लेफाँट-नायू-घनपोखरा सडक बजेट रु. ११,००,०००।-
२. खुदी-शिउरुङ-स्याँगे सडक बजेट रु. ११,००,०००।-
३. डादी-उस्ता-बराहपोखरी सडक बजेट रु. ११,००,०००।-

६) बैकल्पिक उर्जा तर्फको ससर्त कार्यक्रम अन्तर्गतको खर्च शिर्षक ३११५१ को बायो ग्यास जडानको बजेट रु. ४,२०,०००।- वडा नं. ४ र अन्य स्थानमा ७५ प्रतिशत अनुदानमा, सुधारिएको चुलो (बायोग्यास) प्रविधि जडानको बजेट रु. ५०,०००।- वडा नं. ६, सरसफाई सम्बन्धि निर्माण कार्यहरुको बजेट रु.२,५०,०००।- वडा नं. २ र ८, साना सिँचाई निर्माण/मर्मत संभार/ प्लाष्टिक पोखरी निर्माण/हिउ पोखरीको बजेट रु. ५,४०,०००।- वडा नं. ३,५र७, सामुदायिक वनमा पर्यापर्यटन/उद्यम प्रवर्द्धनको बजेट रु. १,००,०००।- वडा नं. १ र सौर्य उर्जा प्रविधि जडानको बजेट रु. ४,७३,०००।- बाट खुदी प्रहरी बिट र वडा नं. ९ का विभिन्न स्थानहरुमा कार्यक्रम गर्न अनुमति दिने निर्णय गरियो ।

७) मर्स्याङ्दी गाउँपालिका भित्र सञ्चालनमा रहेका व्यवसायीहरुलाई आ.व.०७५/०७६ व्यवसाय कर उठाउन व्यवसायी करको २५ प्रतिशत उद्योग वाणिज्य सँग खुदी ईकाईलाई उपलब्ध गराउने गरी लमजुङ उद्योग बाणिज्य संघ, खुदी ईकाई सँगको सहकार्यमा यस आ.व.मा व्यवसाय कर उठाउने निर्णय गरियो ।

८) प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गतको स्थानिय निर्देशक समितिमा २ जना वडा अध्यक्षहरु क्रमश लिला प्रसाद घले र नारायण बहादुर थापा मनोनित गर्ने निर्णय गरियो।

९) मर्स्याङ्दी गाउँपालिका - ४, जगत बजारमा प्रहरी चौकी राख्न सम्बन्धित निकायहरुमा आवश्यक पहल गर्ने निर्णय गरियो ।

१०) प्रदेश राजपत्र, गण्डकी प्रदेश सरकार द्वारा प्रकाशित सहकारी सम्बन्धमा व्यवस्था गर्न बनेको ऐनमा व्यवस्था भए अनुसार यस मर्स्याङ्दी गाउँपालिकामा रहेका सहकारी संस्थाहरुमा शिक्षक कर्मचारीहरु सञ्चालक समितिमा नरहन सहकारी संस्थाहरुलाई पत्रचार गर्ने निर्णय गरियो ।

११) वडा नं. १ र ३ को वडा कार्यालय भवनको डिपिआरका लागि मौजदा सूचीमा दर्ता भएका फर्महरुबाट आसय पत्र मागी छनौटमा परेका मेन स्ट्रिम कन्सल्टेन्ट एण्ड कम्पनी प्रा.लि.बाट तयार भई प्राप्त भएको डिपिआरलाई स्विकृत गर्ने निर्णय गरियो ।

१२) यस गाउँपालिकामा कार्यक्षेत्र रहेको कोशिस नेपाल नामक संस्थालाई निम्न २ जना मानसिक रोगीहरु क्रमश विष्णु महत, मर्स्याङ्दी - ७ र तेज बहादुर गुरुङ, मर्स्याङ्दी - २ लाई आवश्यक उपचारका लागि सिफारिश गर्ने निर्णय गरियो ।

१३) मर्स्याङ्दी गाउँपालिका वडा नं. ५ को श्री गंगा मिलन मा.वि. भवन मर्मत शिर्षकमा मिति २०७५/०९/२७ गते गाउँसभाद्धारा रु.५,००,०००।- बजेट विनियोजन गरीएकोमा उक्त भवन शिर्षक फरक परेको हुँदा उक्त योजनाको नाम विस्तृतीकरण (संसोधन) गरी गंगामिलन मा.वि. पूर्वाधार निर्माण तथा मर्मत सुधार कायम गर्ने । साथै उक्त योजनाको संसोधित नाम आगामी गाउँसभाबाट अनुमोदन गर्ने निर्णय गरियो ।